# गोरखापत्र संस्थान

प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ

## सुरक्षा सेवासम्बन्धी पुनः बोलपत्र आह्वानको सूचना

(प्रथमपपटक प्रकाशित मिति : २०७६/१०/०१)
सा.प्र. सूचना न. ५/०७६/०७७

यस संस्थानको का.म.न.पा.वडा नं. २२ धर्मपथस्थित भवनको हाताभित्र आ.व. २०७६/०७७ को लागि चौविसै घण्टा सुरक्षा सेवा लिनुपर्ने भएकोले भूतपूर्व सैनिक/प्रहरी वा कुनै सङ्गठित संस्थामा कम्तीमा ५ वर्षको सुरक्षासम्बन्धी सेवा गरेका २५ वर्ष पूरा भइ ४५ वर्ष ननाघेका १ जना कमाण्डर, २ जना महिला र ९ जना पुरुषसहित जम्मा १२ जना सुरक्षाकर्मी आवश्यक परेको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक सुरक्षा दिने सङ्घ संस्था वा कम्पनीहरूबाट प्रति व्यक्ति ८ घण्टाको ड्युटी समय तोकी मासिक तथा वार्षिक के कति दररेटमा उक्त कार्य गर्न सकिन्छ प्रष्ट खुलाई यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ दिनभित्र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सूचना प्रकाशित गरी लागू गरेको प्रावधानअनुसार र हाल आफूले कुनै निकायमा सुरक्षा दिइरहेको भए सोसमेत प्रष्ट खुलाई पूर्व काम गरेको अनुभव स्पष्ट खुल्ने कागजपत्रसमेत समावेश गरी सिलबन्दी बोलपत्र पेस गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**बोलपत्रका सर्तहरू :**

१. बोलपत्र फाराम रु.३०००।-(तीनहजार) तिरी पछि फिर्ता नहुने गरी संस्थानको सामान्य प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ र उक्त फाराम भरी पेस गरेको बोलपत्रलाई मात्र मान्यता दिइनेछ।

२. प्रस्तावक भ्याट तथा प्यानमा दर्ता भएको, आफूले प्राप्त गरेको इजाजतपत्र, कर चुक्ताको प्रमाणपत्र र कम्पनी प्रमुखको नेपाली नागरिकताको प्रमाणपत्रको स्वयम् प्रमाणित गरी सिलबन्दी बोलपत्र फाराममा सहीछाप गरी लाहाछाप लगाइ पेस गर्नुपर्नेछ। साथै संस्थानमा सुरक्षार्थ खटाइने सुरक्षाकर्मीको व्यक्तिगत तथा कार्यानुभवको विवरण र उमेर खुलेको प्रमाणपत्र सम्झौताका बखत पेस गर्नुपर्नेछ।

३. बोलपत्र पेस गर्दा सिलबन्दी खाम बाहिर सुरक्षा सेवासम्बन्धी सिलबन्दी बोलपत्र फाराम भन्ने प्रष्ट उल्लेख गर्नुपर्नेछ साथै श्रीमान् कार्यकारी अध्यक्षज्यू गोरखापत्र संस्थान प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ नामले सम्बोधन गर्नुपर्नेछ।

४. बोलपत्र दाताले रु.७०,०००।-(अक्षरेपी सत्तरी हजार रुपैयाँ मात्र) रकम धरौटीवापत संस्थानको ने.बैं.लि. काठमाडौँ अफिस स्थित चल्ती खाता नं. ००२००१००५०२४२५००००००१ मा नगद जम्मा गरी सोको बैंक भौचर वा मान्यता प्राप्त 'क' श्रेणीको वाणिज्य बैकबाट सो रकम बराबरको ९० दिनको बैङ्क ग्यारेन्टीको सक्कल प्रति संलग्न गरी सिलबन्दी बोलपत्र पेस गर्नुपर्नेछ।

५. बोलपत्र सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ औँ दिन अर्थात् २०७६।१०।१५ गते दिनको १२:०० बजेभित्र बोलपत्र संस्थानमा दर्ता भइसक्नुपर्नेछ। उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन बुझाउन सकिनेछ। रीत नपुगेका, सर्तहरू राखिएका, तथा म्याद नाघी आएका बोलपत्रउपर कुनै कारबाही गरिनेछैन।

६. बोलपत्रमा उल्लेख गरेको दररेट अङ्क र अक्षर दुवैमा स्पष्ट हुनेगरी लेखिएको हुनुपर्नेछ, फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

७. प्राप्त भएका बोलपत्रहरू १६ औँ दिन अर्थात् मिति २०७६।१०।१६ गते दिनको २:०० बजे संस्थान भवनमा खोलिने छ। यदि उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन प्रस्तावक वा निजको प्रतिनिधिहरूको उपस्थिति वा अनुपस्थितिमा पनि खोलिनेछ।

८. माथि जुनसुकै कुरा लेखिएको भए तापनि बोलपत्रदातालाई कुनै कारण जनाउ नदिइकन पनि बोलपत्र आंशिक वा पूरै मात्रामा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थानमा सुरक्षित रहनेछ। संस्थानलाई आवश्यक परेमा उपत्यका बाहिरका कार्यालयहरूमा समेत सुरक्षा गार्ड आपूर्ति गराउन सम्झौतामा प्रावधान राख्न सक्नेछ।

९. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र संस्थानमा उपस्थित भई ५ प्रतिशत कार्यसम्पादन जमानत जम्मा गरी द्विपक्षीय सम्झौता गर्नुपर्नेछ। उक्त समयभित्र सम्झौता गर्न नआएमा संस्थानले धरौटी जफत गरी वैकल्पिक व्यवस्था गर्नेछ।

१०. आफूले उल्लेख गरेको मासिक वा वार्षिक रकम भ्याट (मूल्य अभिवृद्धिकर) बाहेक भनी स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ। उल्लेख नगरेको अवस्थामा प्रस्तावित रकमलाई भ्याटसहितको मानिनेछ।

११. स्वीकृत बोलपत्रदाताले सम्झौता भइसकेपछि कबुलियतबमोजिमको सेवा उपलब्ध नगराएमा संस्थानले सम्झौता रद्द कार्यसम्पादन जमानतवापतको रकम जफत गर्नेछ।

१२. यसमा नपरेका अन्य कुराहरू नेपाल सरकारको प्रचलित ऐन, नियमअनुसार हुनेछन्।

**सामान्य प्रशासन शाखा**

**गोरखापत्र संस्थान**

**फोन न. ४२२३०७८**